**KMC Journal**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1709 (Print)
Published by the Research Management Cell
Kailali Multiple Campus, Dhangadhi
Far Western University, Nepal
DOI: https://doi.org/10.3126/kmcj.v6i2.68921

# ज्वरसमना प्रकृति कवितामा रूपकालङ्कार

**अनिल अधिकारी[1], रेखा रेग्मी[2], निर्मला ढकाल[3]**
[1]नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
[2]नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, म्याग्दी (बेनी)
[3]शोधार्थी, मानविकी तथा सामाजिक शास्त्रसङ्काय, त्रि. वि. कीर्तिपुर
**Corresponding Author**: *Nirmala Dhakal*; **Email**: nirmaladhakal165@gmail.com

**लेखसार**

प्रस्तुत लेख ज्वरसमना प्रकृति कवितामा अर्थालङ्कारअन्तर्गत रूपकालङ्कारको विश्लेषण तथा त्यसका आधारमा कविताको मूल्याङ्कनमा केन्द्रित छ । यस लेखमा गुणात्मक अनुसन्धान पद्धति तथा कवितामा रूपकालङ्कार र यसका भेदको प्रस्तुति भएका उद्धरणका आधारमा विश्लेषण र मूल्याङ्कन हुने भएकाले यो पाठमा अभिव्यक्त विषयवस्तुको विश्लेषणकेन्द्री एवम् विश्लेषणात्मक विधिको प्रयोग भएको लेख हो । यस लेखको सैद्धान्तिक र अवधारणात्मक आधार संस्कृत काव्यचिन्तनअन्तर्गतको रूपकालङ्कार र यससम्बन्धी मान्यता हो । शब्दमा सन्निहित अर्थ तथा त्यसलाई निधारण गर्ने उपमान, उपमेय साधारण धर्म तथा वाचक शब्दले उपमान र उपमेयबीचमा अभेद्य सम्बन्ध प्रस्तुत गरी प्राप्त हुने अर्थ रूपकालङ्कारको मूलभूत अभिलक्षण हो । प्रस्तुत ज्वरसमना प्रकृति अलङ्कार प्राप्तिका दृष्टिले रूपकालङ्कार अङ्गी रूपमा प्रतिपाद्य भएको कविता हो । यस कवितामा परम्परित रूपकालङ्कार प्रयोग भएका सन्दर्भमा उपमान, उपमेय अभेद्य सम्बन्ध प्रस्तुत भई यी दुईमा प्रयोगगत भिन्नता नदेखिई अर्थ प्रस्तुत भएको छ । यस कवितामा प्रयोग भएको सावयव रूपकालङ्कारमा प्रकृतिका विभिन्न अवयव तथा प्राणीजगत्सँग सम्बन्धित अवयवका बीचको अभेद सादृश्य सम्बन्ध स्थापित भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितामा प्रस्तुत भएको मालारूपकालङ्कार एक उपमानका अनेक उपमेयका साथ अभेद सादृश्यको शृङ्खलाबाट काव्यिक आलङ्कारिकता सिर्जना गर्ने कलात्मक माध्यम बनेको छ । यस लेखमा ज्वरसमना प्रकृति कवितामा उपर्युक्त तीन रूपकभेदका साथै हेतुरूपकालङ्कारको साध्य-साधन अभेदसम्बन्धबाट सृजित आलङ्कारिकता सहित अङ्गी अलङ्कारका रूपमा रूपकालङ्कारको सहजात प्रयोगबाट काव्यिक कलासौन्दर्य सिर्जना गरेको विषयमा विमर्श भएको छ ।

***शब्दकुञ्जी :*** परम्परितरूपक, सावयवरूपक, मालारूपक, हेतुरूपक

## परिचय

प्रस्तुत लेख 'ज्वरसमना प्रकृति' कवितामा रूपकालङ्कारको विश्लेषण र अर्थापनका साथै यस सिद्धान्तका आधारमा मूल्याङ्कनमा केन्द्रित छ । प्रस्तुत 'ज्वरसमना प्रकृति' कविताका रचनाकार लक्ष्मीप्रसाद देवकोटा हुन् । प्रस्तुत

*Copyright 2024 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

लेख 'ज्वरसमना प्रकृति' कवितामा अर्थालङ्कारअन्तर्गत रूपकालङ्कारको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत कृति लक्ष्मी कवितासङ्ग्रहमा प्रकाशित लोकलयको कविता हो । यस कविताका रचनाकार देवकोटा सम्बत् १९९१ सालको फागुन महिनामा प्रकाशित 'पूर्णिमाको जलधि' शीर्षक कविता प्रकाशन गरी साहित्यक्षेत्रमा प्रवेश गरेका हुन् । नेपाली साहित्यमा पाश्चात्य स्वच्छन्दतावादी भावधाराको आमन्त्रण, उन्नयन र विकसित तुल्याउने देवकोटा बहुमुखी प्रतिभा हुन् । नेपाली साहित्यलाई समृद्ध तुल्याउने देवकोटा कविता विधाका सबै उपविधाका कृतिका अतिरिक्त आख्यान, नाटक, निबन्ध र अंशतः समालोचना विधामा समेत रचना गर्ने स्रष्टा हुन् । देवकोटालाई कवि व्यक्तित्व प्रदान गर्ने पुस्तकाकार कवितासङ्ग्रहमा भिखारी (२०१०), जन्मोत्सव र मुटुका थोपा (२०१५), नवरस (२०३६), लक्ष्मी कवितासङ्ग्रह (२०३९), लक्ष्मी गीतसङ्ग्रह  (२०४१) मुख्य छन् । आरम्भकालीन कवितामा स्वच्छन्दतावादी भाव प्रस्तुत भएका देवकोटाका पछिल्ला अवधिका कवितामा स्वच्छन्दतावादभित्रै प्रगतिवादी चिन्तनको प्रस्तुति भएको छ । प्रकृति, यसको सर्वोपरिता र जीवन सञ्चालनका लागि यसको महत्त्वको विश्लेषण गर्ने 'ज्वरसमना प्रकृति' २०१३ सालको इन्द्रेणी वर्ष १(८) मा प्रथमपटक प्रकाशित (बन्धु, २०३६, पृ. ४३०) भई लक्ष्मी कवितासङ्ग्रह २०३९ मा सङ्गृहित भई पुनर्प्रकाशित भएको कविता हो । प्रकृतिदर्शन र यसको सर्वोपरितालाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गर्ने यो कविता परिष्कृत र परिमार्जित कृति हो । स्वच्छन्दतावादी दार्शनिक पीठिकामा संरचित प्रस्तुत कविता सुललित पदावलीमा संरचित छ । सहजात र स्वतस्फूर्त अलङ्कार विधान रहेको यस कवितामा मुख्य अर्थालङ्कारका स्थानमा रूपकालङ्कारको प्रयोग भएको छ भने यही विषयलाई मुख्य समस्या चयन गरिने यस लेखमा उपर्युक्त विषयको रिक्तता स्थापित गर्नका लागि प्रतिनिधि पूर्वकार्यको समीक्षासहित शोधअन्तराल र रिक्तता स्थापित गर्नु उपयुक्त हुन्छ ।

प्रस्तुत 'ज्वरसमना प्रकृति' कविताका सम्बन्धमा चूडामणि बन्धु (२०३६) को देवकोटा शीर्षक पुस्तकमा प्रकृतितिर फर्कने सन्देशप्रवाह भएको 'ज्वरसमना प्रकृति' समसामयिक विश्वपरिस्थितिप्रतिको स्रष्टा अनुभूति र लोकलयको स्वाभाविक प्रस्तुतीकरणयुक्त रहेको कविताका रूपमा विवेचना भएको छ । वासुदेव त्रिपाठी र अन्य (२०४६) सम्पादित नेपाली कविता भाग ४ पुस्तकमा 'ज्वरसमना प्रकृति' पर्याप्त परिष्कृत र देवकोटेली कल्पना वैभवको पूर्ण एवम् कलात्मक परिपाक प्राप्त भएको उत्कृष्ट फुटकर कविता रहेको दृष्टिकोण प्रस्तुत भएको छ । कुमारबहादुर जोशी (२०४८) को देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना शीर्षक पुस्तकमा 'ज्वरसमना प्रकृति' संरचनागत स्थापत्यका कोणबाट सुगठित, भाषाशैलीगत सुकुमारता, नवीन बिम्बको प्रभावशाली प्रयोग, अन्तर्वस्तुगत सघनता, व्यञ्जकता र अभिव्यक्तिगत परिमार्जन भएको कविता रहेको अभिमत प्रस्तुत भएको छ । लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (२०७४) सम्पादक रहेको प्रज्ञा आधुनिक नेपाली कविता पुस्तकमा देवकोटाका कविता विषयप्रतिको अनुभूतिमूलक प्रक्रियाको सतत् प्रवाहशीलता र कलात्मक बिम्बहरूको सामाजिक उपादेयताका कारण मानवीय चिन्तन र काव्यिक सौन्दर्यको भव्यता प्रस्तुत गर्न सफल रहेको दृष्टिकोण प्रस्तुत भएको छ । लक्ष्मणप्रसाद गौतम (२०७८) को आधुनिक नेपाली छन्दकवितामा युगीन यथार्थ पुस्तकमा देवकोटाको 'उग्रेर बिग्रेको बिहान' कविता प्रतीकात्मक रूपमा विद्रोही चेतनाको सशक्ततालाई प्रस्तुत गर्न सक्षम रहेको दृष्टिकोण प्रस्तुत भएको छ । प्रस्तुत कविता र देवकोटाको कवित्वका सम्बन्धमा भएका उपर्यँक्त पूर्वाध्ययनले 'ज्वरसमना प्रकृति' परिष्कृत र परिमार्जित शैलीमा रचना भएको कविताका रूपमा चर्चा गरेको छ ।

काव्यचिन्तनको सुदीर्घ परम्परामा रूपकालङ्कार अर्थालङ्कारको एक भेदका रूपमा व्याख्येय छ । अलङ्कार र यसका अभिलक्षणका आधारमा शब्दाश्रित र अर्थाश्रित भेदअन्तर्गत अर्थका आधारमा निरूपित हुने अर्थालङ्कारको भेदका रूपमा रूपकालङ्कार र यसको सैद्धान्तिक मत स्थापित छ । रूपकालङ्कार मूलतः अर्थालङ्कार हो । अर्थालङ्कारका विभिन्नि भेद तथा तिनका अभिलक्षण प्रस्तुत गर्ने सन्दर्भमा रूपकालङ्कार र यसको सैद्धान्तिक पक्षको विषय प्रस्तुत भएको छ । अलङ्कार र यसको काव्यिक उपादेयता एवम् महत्त्वका सम्बन्धमा विस्तृत व्याख्या संस्कृत काव्यचिन्तनमा भएको छ । संस्कृत काव्यचिन्तनका अतिरिक्त अङ्ग्रेजी अर्थात् पश्चिमा एवम् नेपाली काव्यचिन्तनमा पनि अलङ्कार तथा यसका अन्तर्यमा अर्थालङ्कारको परिचर्चा विशेष रूपमा भएको छ । अर्थालङ्कारअन्तर्गत

रूपकालङ्कारका दृष्टिले अध्ययनीय 'ज्वरसमना प्रकृति' कविता यस लेखको विषयगत शोधक्षेत्र हो । यस कविताका सम्बन्धमा भएका उपर्युक्त पूर्वाध्ययन यसको आलङ्कारिक पक्षको विश्लेषण गर्ने प्रयोजनका लागि नभई यसको समग्र प्राप्तिको संश्लेषणमा केन्द्रित छन् । यी अध्ययनका आधारमा प्रस्तुत कविता अर्थालङ्कारअन्तर्गत रूपकालङ्कारका दृष्टिले अध्ययनीय रहेको शोधअन्तराल प्राप्त हुन्छ ।

प्रस्तुत लेखका मुख्य समस्या 'ज्वरसमना प्रकृति' कवितामा रूपकालङ्कार हो । यस कविताका विषयमा भएका पूर्वाध्ययन, तिनमा कविताका सम्बन्धमा प्रस्तुत भएका अभिमतका आधारमा प्राप्त शोधअन्तरालले यो विषय रिक्त र अध्ययनीय रहेको तथ्यको पुष्टि गर्दछन् । यस लेखमा ज्वरसमना प्रकृति कवितामा परम्परित रूपकालङ्कार के कस्तो छ ? ज्वरसमना प्रकृति कवितामा सावयव रूपकालङ्कार कसरी प्रयोग भएको छ ? ज्वरसमना प्रकृति कवितामा मालारूपकालङ्कार कसरी अभिव्यक्त भएको छ ? तथा ज्वरसमना प्रकृति कवितामा हेतुरूपकालङ्कार किन छ ? भन्ने शोध्यप्रश्नका आधारमा कवितामा प्रयोग भएको रूपकालङ्कारको निरूपण भएको छ । यस लेखको मुख्य उद्देश्य नै ज्वरसमनाप्रकृति कवितामा रूपकालङ्कारको विश्लेषण तथा मूल्याङ्कन हो । यस लेखको अध्ययनबाट संस्कृत काव्यचिन्तनअन्तर्गत अलङ्कारसिद्धान्त तथा त्यसमा पनि निश्चित अलङ्कार र यसका भेद-उपमेदका आधारमा साहित्यिक कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कनसम्बन्धी ठोस अवधारणा र प्रयोगिक पद्धतिका सम्बन्धमा दिग्दर्शन हुने भएकाले यसको प्राज्ञिक औचित्य एवम् महत्त्वको पनि पुष्टि हुन्छ ।

## अध्ययनविधि

गुणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने यो पाठविश्लेषणकेन्द्री अध्ययन हो । यस लेखमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको प्राथमिक सामग्री लक्ष्मीप्रसाद देवकोटाको "ज्वरसमना प्रकृति" कविता हो । यस लेखमा प्रयोग भएको द्वितीयक स्रोतका सामग्री प्रथमतः कविताका विषयमा पूर्वअध्ययन भएका पुस्तक र लेख हुन् भने द्वितीयतः  सैद्धान्तिक पक्षका विषयमा विमर्श भएका सामग्री हुन्  । उपर्यँक्त विषयका अतिरिक्त अन्य प्राथमिक र द्वितीयक स्रोतका सामग्री यस लेखको सीमाङ्कन हो । प्रस्तुत लेखको अर्थापनका लागि अर्थालङ्कार तथा रूपकालङ्कारसँग सम्बन्धित सिद्धान्त र अवधारणाको उपयोग भएको छ । यस लेखलाई अर्थापन गर्नका लागि विश्लेषणविधिको उपयोग गरिएको छ ।

### सैद्धान्तिक आधार

संस्कृत काव्यचिन्तनमा अलङ्कार भेदअन्तर्गत अर्थालङ्कारको चर्चा भई अलङ्कारवादी सम्प्रदायकै स्थापना भएको छ । संस्कृत काव्यचिन्तनमा अलङ्कारको प्रथम चर्चा नाटचशास्त्रमा भएको हो । साहित्यमा प्राप्त हुने र प्रयोग गरिने अर्थालङ्कार उपमा, रूपक, दीपक र यमक चार प्रकारका छन् (भरत, २०४०, पृ. २८६) । संस्कृत काव्यचिन्तनमा नाटचशशास्त्र नाटकको सैद्धान्तिक पक्षको विवेचना गर्ने प्रयोजनसँग सम्बन्धित कृति भए पनि यसले प्रस्तुत गरेका सिद्धान्त र अवधारणा नाटकइतरका साहित्यिक विधाका लागि पनि उपयुक्त छन् । काव्यसाहित्यमा आनन्दादि सिर्जना गरी काव्यात्मालाई प्रकाशित गर्ने अनुप्रास, यमक, रूपक, दीपक र उपमा जस्ता पञ्चालङ्कार छन् (भामह, सन् २०१०, पृ. ११) । अलङ्कारवाद र सम्प्रदायको स्थापना गरी काव्यात्मा नै यही विषयलाई स्थापित गर्न मार्ग प्रशस्त गर्ने काव्यालङ्कारमा प्रस्तुत अवधारणा एक दृष्टिले पूर्ववत् परम्पराकै निरन्तरता हो ।

अलङ्कारका सम्बन्धमा पारिभाषिक अभिलक्षण र विशेषताको प्रस्तुति प्रथमपटक काव्यादर्शमा भएको छ । काव्यलाई सुन्दर तुल्याई सहृदयका हृदयमा आनन्दादि आभासको सञ्चार गराउने प्रेरक काव्यतत्त्व अलङ्कार हो (दण्डी, सन् २०१०, पृ. १५) । काव्यादर्श लक्षणग्रन्थमा प्रस्तुत अलङ्कारसम्बन्धी अभिलक्षणले नै अलङ्कार काव्यको बाह्यसौन्दर्यको प्रकटीकरण गर्ने निर्जीव आवरण वा आभूषण मात्र नभई यो काव्यिक भावलाई ग्रहणशील र पाठकलाई अनान्दानुभूतिका लागि उत्प्रेरक सामग्री वा तत्त्व हो भन्ने पक्षलाई स्थापित गरेको छ । अलङ्करण अर्थात् 'अलंकरणमलङ्कार', 'अलङ्कृयते अनेन इति वा अलङ्कार' र अलङ्करोति इति अलङ्कारः' अर्थात् भावघअन्त,

करणदअन्त, तथा कात्रंर्थ प्रधान ‘अण’ प्रत्ययान्तबाट निर्मित, विकसित र व्यवहृत काव्यिक शिल्प अलङ्कार हो (अग्निपूराण, सन् २०१२, पृ. ८५४) । अर्थालङ्कारको पारिभाषिक लक्षणका विषयमा प्रकाश पार्ने क्रममा अलङ्कार के हो भन्ने सन्दर्भको विवेचनाका क्रममा प्रस्तुत अवधारणाले अलङ्कार र यसको स्वरूप काव्यमा आभूषणादि सौन्दर्य मात्र नभई यो काव्यपठनबाट आत्मभूत तत्त्वसम्म पुग्ने तथा पाठकलाई पठन एवम् श्रवणतुल्य बनाई काव्याकर्षण सिर्जना गर्ने माध्यम हो भन्ने पक्षको पुष्टि हो ।

संस्कृत काव्यचिन्तनमा अलङ्कार र यसको विषयमा व्यापक अध्ययन भएको छ । संस्कृत काव्यचिन्तनमा अग्निपूराणपछि स्थापित भएका सिद्धान्तको विकासका क्रममा अलङ्कारका सम्बन्धमा प्रस्तुत अवधारणालाई संश्लेषण गर्दा मूलतः अलङ्कारसम्बन्धी अवधारणा यसप्रकारको निर्माण हुन्छ –

> नानाप्रकारका हार तथा आभूषणद्वारा जुन रूपमा सुन्दर रमणीका अङ्ग सुशोभित भएझैं शब्दार्थसौन्दर्य अर्थात् शोभाकारक अर्थ संवहन गर्ने अलङ्कार शब्द र अर्थबाट प्रतिपाद्य हुने अस्थिर धर्म तथा आभूषणादि अलङ्कार द्वारा शरीरलाई सुन्दर तुल्याई अत्युच्च शोभा दिएर पनि अन्ततोगत्वा शरीरको शोभा एवम् रसभाव (आत्मभूत) प्रस्तुतीकरणको सहायक मानवीय उच्छ्वासको अभिव्यञ्जना गर्ने कलात्मक भाषिक सामग्री हो (रुद्रट, सन् १९६५, पृ. १९६, मम्मट, सन् १९८३, पृ. ३९०, विश्वनाथ, सन् १९८३, पृ. ६६५, अजितसेन, सन् १९७३, पृ. १११) ।

अलङ्कार साहित्यमा आत्मतत्त्व अर्थात् रसभावगत विषयीलाई केन्द्रमा राखी यसको सौन्दर्यात्मक प्राप्तिलाई अलङ्कारादि तत्त्वका माध्यमबाट सुन्दर कलात्मक विधाका रूपमा स्थापित गर्ने माध्यम हो । नेपाली काव्यचिन्तनमा पनि अलङ्कारको पारिभाषिक अभिलक्षण तथा सैद्धान्तिक विमर्श भएको छ । नेपाली काव्यचिन्तनमा अलङ्कारको पारिभाषिक अभिलक्षणका सम्बन्धमा प्रस्तुत भएका अभिमतलाई संश्लेषण गर्दा – ‘अलंकरोतीति अलङ्कारः’ व्युत्पत्तिमूलक अभिलक्षण रहेको काव्योक्ति र काव्यमूलक विशेष वैचित्त्यियुक्त कथन जसका माध्यमबाट काव्य सुशोभित भई श्रोता बोद्धाहरूको हृदयमा भित्री आनन्दोल्लासरूप चमत्कार पैदा गर्ने शब्द र अर्थमा रहने चमत्कार, वाणीको भूषण र काव्यको शोभाकारक वैचिर्त्ययुक्त साधन अलङ्कार हो (सिग्द्याल, २०२८, पृ. ८३, भट्टराई, २०७७, पृ. २८५, उपाध्याय, २०६७, पृ. १०८, गौतम, २०६९, पृ. ११०, एटम, २०७४, पृ. ३७, शर्मा, सन् १९९६, पृ. २२, गड्तौला, २०७७, पृ. ३३) ।

अलङ्कार साहित्यमा सार्वभौम कलासौन्दर्यको अभिव्यञ्जनाका माध्यमबाट पाठक, श्रोता, भावक, दर्शक आदिलाई यसप्रतिको अनुराग तथा भावबोधबाट आत्मतत्त्वको प्राप्तिका लागि अभिमुख गराउने सौन्दर्यतत्त्व हो । सुन्दर व्यक्तित्वका लागि आन्तरिक सौन्दर्यकै सापेक्ष बाह्यसौन्दर्यको आवश्यकता व्यक्तिका लागि जुन रूपमा अपरिहार्य मानिन्छ काव्यको आत्मभूत व्यक्तित्वको सुन्दरताका लागि शरीरभूत अलङ्कार उही रूपमा अपरिहार्य मानिने अवधारणा संस्कृत र नेपाली काव्यचिन्तनमा अभिव्यक्त अलङ्कारसम्बन्धी अन्तर्वस्तु हो ।

अर्थालङ्कारका सम्बन्धमा काव्यचिन्तन परम्परामा पहिलो लक्षणग्रन्थबाट आरम्भ भएको अलङ्कारचिन्तन संस्कृत भाषाबाट विकास भएका आधुनिक आर्यभाषाका काव्यसिद्धान्तमा निरन्तर गतिशील र उत्तरोत्तर विकासतर्फ अभिमुख छ । संस्कृत काव्यचिन्तनमा अर्थालङ्कारका विषयमा प्रस्तुत अभिमतलाई संश्लेषण गर्दा विशेषतः यो अर्थको ‘अलङ्करण’ अर्थलाई अन्तर्वस्तुका रूपमा ग्रहण गरी आलङ्कारिकता सिर्जना गर्ने तत्त्व नै अर्थालङ्कार हो जसको उपस्थिति बिना शब्दसौन्दर्य मात्रैले आत्मभूत मनलाई काव्याकर्षण गर्न नसक्ने विषयलाई प्रतिपादन गर्ने काव्यतत्त्व हो (अग्निपूराण, सन् २०१२, पृ. ८५४, रुद्रट, सन् १९६५, पृ. १९६, मम्मट, सन् १९७३, पृ. ३९०) । अलङ्कार, अलङ्कारिकता तथा अर्थलङ्कारको सारभूत पक्ष काव्यात्मभूत वा शरीरभूत के हो ? भन्ने सम्बन्धमा द्वन्द्वात्मक अभिमत प्रस्तुत गर्ने संस्कृत काव्यचिन्तनमा अलङ्कार सारतः काव्यशोभाकारक सौन्दर्यचिन्तन हो भन्ने निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

नेपाली काव्यचिन्तनमा अलङ्कारका सम्बन्धमा काव्यशास्त्रीय व्याख्या तथा यसको सैद्धान्तिक विषयमा विमर्श भएको छ । अलङ्कार काव्यशोभाकारक तत्त्व हो भन्ने अन्तर्वस्तु प्रस्तुत गर्ने नेपाली काव्यचिन्तनले यसलाई काव्यको आत्मभूत नभई शरीरभूत शोभाधर्म निर्वाह गर्ने तर स्थायी तत्त्वका रूपमा स्थापित गरेको छ । नेपाली काव्यचिन्तनमा

प्रस्तुत अर्थालङ्कारसम्बन्धी अवधारणालाई संश्लेषण गर्दा काव्यमा आएका एकै वर्ण वा शब्दको उपस्थिति रहे पनि नरहे पनि, त्यसका स्थानमा अन्य वर्ण वा पदको उपस्थिति भएको अवस्थामा पनि अर्थको उपस्थिति वा चमत्कार रही प्राप्त अर्थका आधारमा काव्यिक सौर्न्यय र त्यसको आर्थी सुन्दरताको आस्वादन सिर्जना गर्ने शब्दार्थसम्बन्ध अर्थालङ्कार रहिर हने काव्यिक शिल्प हो (सिग्द्याल, २०२८, पृ. ८६, उपाध्याय, २०६७, पृ. ११६, (गौतम, २०६९, पृ. १११, थापा, २०६६, पृ. २३३, एटम, २०७४, पृ. ३७, शर्मा, सन् १९९६, पृ. २१) । संस्कृत काव्यचिन्तनमा अलङ्कार आत्मभूत काव्यात्माका रूपमा व्याख्या गर्ने अलङ्कारवादी सम्प्रदायले स्थापना गरेका मान्यताभन्दा भिन्न विषयको प्रतिपादनमा केन्द्रित छ । नेपाली काव्यचिन्तनमा अलङ्कार काव्यशोभाकारक तत्त्व नै हो भने यसले कृतिमा कलासौन्दर्यको प्रतिबिम्बन गर्दछ ।

संस्कृत काव्यचिन्तनमा अर्थालङ्कारका भेद-उपभेदका विषयमा विमर्श सर्वप्रथम नाटचशास्त्रमा भएको छ । वैदिक संहितामा शाब्दी प्रयोग भए पनि यसको सैद्धान्तिक अभिलक्षण नाटचशास्त्रको योगदान छ । उपमा, रूपक, दीपक र यमक चार प्रकारका छन् (भरत, २०४०, पृ. २८६) । नाटचशास्त्रमा अभिव्यक्त प्रस्तुत विषय नै अलङ्कारका विषयमा प्रस्तुत पहिलो सैद्धान्तिक अवधारणा हो । काव्यात्मालाई प्रकाशित गर्ने अनुप्रास, यमक, रूपक, दीपक र उपमा जस्ता पञ्चालङ्कार छन् (भामह, सन् २०१०, पृ. ११) । काव्यमा अलङ्कारको भूमिका अनिवार्य तत्त्व रहेको तथा यो नै काव्यात्मा रहने पक्षलाई केन्द्रीय विषयका रूपमा काव्यालङ्कारमा व्याख्या भएको छ भने यसले अलङ्कारका अभिलक्षणका क्रममा यसका पाँचभेदको चर्चा गरेको छ । अर्थालङ्कार स्वरूप, सादृश्य, उत्प्रेक्षा, अतिशय, विभावना, विरोध, हेतु र सम आठ प्रकारका हुन्छन् (अग्निपुराण, सन् २०१२, पृ. ८५४) । अग्निपूणरामा अभिव्यक्त यस अवधारणाले अर्थालङ्कारका आठ भेद स्थापना गरेको छ । अर्थालङ्कारका भेदको सङ्ख्या काव्यसिद्धान्तको उत्तरोत्तर विकाससँगै बढ्दै जाने सन्दर्भ काव्यदर्शमा अभिव्यक्त भेदसम्बन्धी दृष्टिकोणमा प्राप्त हुन्छ । अर्थमा केन्द्रित रही काव्यिक सौन्दर्य निर्माण गर्ने अर्थालङ्कारका स्वभावोक्ति, उपमा, रूपक, दीपक, अर्थान्तरन्यास, व्यतिरेक, विभावना, समासोक्ति, अतिशयोक्ति, उत्प्रेक्षा, हेतु, प्रेयस, रसवद्, पर्यायोक्ति, अपन्हुति, श्लेष, विशेष, तुल्ययोगिता, विरोध, व्याजस्तुति, निदर्शना, सहोक्ति, संसृष्टि र भाविक मुख्य भेद छन् (दण्डी, सन् २०१०, पृ. १५) । सङ्ख्यात्मक दृष्टिले चौबीस अर्थालङ्कारको व्याख्या गर्ने काव्यदर्शले यसको सैद्धान्तिक अवधारणासहित त्यसको व्याख्या गर्ने क्रममा यसको सङ्ख्या पनि विस्तारित गरेको छ । मूलतः अर्थालङ्कार वास्तव, औपम्य (उपमा), अतिशय, र श्लेष यी चार नै चार भेद नै अर्थालङ्कार हुन् भने अर्थालङ्कारका अन्य भेद यी चार भेदमै सन्निविष्ट रहने दृष्टिकोण प्रस्तुत गरेको छ (रुद्रट, सन् १९६५, पृ. १९६) । अलङ्कारको सैद्धान्तिक अभिलक्षण तथा त्यसका भेदउपभेदका सम्बन्धमा वैज्ञानिक अध्ययन मानिने रुद्रटको काव्यालङ्कारमा प्रस्तुत अभिलक्षणका आधारमा यसको स्थूल र सूक्ष्म विभाजनका आधार प्रस्तुत भएको छ ।

> वास्तव अर्थालङ्कारका सहोक्ति, समुच्चय, जाति, यथासङ्ख्या, भाव, पर्याय, विषय, अनुमान, दीपक, परिकर, परिवृत्ति, परिसङ्ख्या, हेतु, कारणमाला, व्यतिरेक, अन्योन्य, उत्तर, सार, सूक्ष्म, लेस, अवसर, मीलित र एकावलीजस्ता तेईस भेद (पृ. २००), औपम्यमूलकका उपमा, उत्प्रेक्षा, रूपक, अपह्नुति, संशय, समासोक्ति, मत, उत्तर, अन्योक्ति, प्रतीप, अर्थान्तरन्यास, उभयन्यास, भ्रान्तिमान्, आक्षेप, प्रत्यनीक, दृष्टान्त, पूर्व, सहोक्ति, समुच्चय, साम्य र स्मरणजस्ता एक्काईस (पृ. २४५), अतिशयका पूर्व, विशेष, उत्प्रेक्षा, विभावना, तद्गुण, अधिक, विरोध, विषम, असङ्गति, पीहित, व्याघात, र अहेतुजस्ता बाह्र (पृ. २९१) तथा श्लेषका शब्दश्लेष, अर्थश्लेष, संसृष्टि र संकर (पृ. ३१०) जस्ता चार भेदसहित अर्थालङ्कारका कूल साठी सङ्ख्या छन् । (रुद्रट, सन् १९६५, पृ. २००-३१०)

संस्कृत काव्यचिन्तनमा काव्यचिन्तनमा अर्थालङ्कार र यसको भेदका रूपमा रूपकालङ्कारको उपस्थिति सबै विमर्शमा प्रस्तुत हुनु, प्रत्येक चरणका अवधारणामा यसको अभिलक्षण तथा त्यसमा पनि समान दृष्किोण प्रस्तुत हुनुले रूपकालङ्कार काव्यचिन्तनमा अर्थालङ्कारको प्रतिनिधित्व गर्ने प्राचीन र लोकप्रिय अलङ्कार हो भन्ने तथ्यको पुष्टि हुन्छ ।

नेपाली काव्यचिन्तनमा अर्थालङ्कारका भेदसम्बन्धी दुई मत स्थापित छन् भने परवर्ती अध्ययनमा पनि यही विषयको पुनरावृत्ति भएको छ । नेपाली काव्यचिन्तनमा अर्थालङ्कारको वर्गीकरणका सम्बन्धमा स्थूल र सूक्ष्म दुई प्रकारको अवधारणा प्रस्तुत भएको छ । अर्थालङ्कार मूलभूत रूपमा स्वभावोक्ति र अतिशयोक्ति दुईप्रकारका छन् (सिग्द्याल, २०२८, पृ. ८९) । अर्थालङ्कारको भेदसम्बन्धी यस स्थूल भेदको निरूपणका क्रममा काव्यमा अभिव्यञ्जित जे जति अन्यान्य अर्थालङ्कार छन् ती सबै यी दुई भेदकै उपभेद रहेको विषय प्रस्तुत भएको छ । नेपाली काव्यचिन्तनमा अर्थालङ्कारको सूक्ष्म विभाजनका सम्बन्धमा गोविन्दप्रसाद भट्टराई (२०७७) को अवधारणाअनुसार:

> वास्तव, औपम्य, अतिशय, र श्लेष चार अलङ्कारमातृकाबाट निर्माण हुने औपम्यमूलक, विरोधमूलक, न्यायमूलक, शृङ्खलामूलक, गूढार्थमूलक, उक्तिचातुर्यमूलक, संसर्गमूलक र प्रकीर्णक आठ भेद तथा औपम्यमूलकका उपमादि तीस, विरोधमूलकका विरोधादि बाह्र, न्यायमूलकका काव्यलिङ्गादि चौध, शृङ्खलामूलकका कारणमालादि चार, गूढार्थप्रतीतिमूलकका सूक्ष्मआदि एघार, उक्तिचातुर्यमूलकका गूढोक्ति आदि सात, संसर्गमूलकका मिलित आदि दश तथा प्रकीर्णकका सम आदि बाह्र उपभेद गरी कूल एकसय उपभेद छन् (भट्टराई, २०७७, पृ. २९३-२९४) ।

नेपाली काव्यचिन्तनमा प्रस्तुत यस अभिमतकै आधारमा परवर्ती काव्यचिन्तनमा अर्थालङ्कारको वर्गीकरण र सैद्धान्तिक पक्षको निरूपण भएको छ । नेपाली काव्यचिन्तनमा स्थापित स्थूल र सूक्ष्म विभाजनअनुसार रूपकालङ्कारको स्थान अन्य अलङ्कारकै सापेक्ष प्रस्तुत भएको छ भने यसका सैद्धान्तिक अभिलक्षण पनि निर्माण भएको छ ।

संस्कृत काव्यचिन्तनमा अर्थालङ्कारको एक भेदका रूपमा रूपकालङ्कार तथा यसको सैद्धान्तिक अभिलक्षणका विषयमा विमर्श भएको छ । रूपकालङ्कार तुलनीय अवयव र सादृश्ययुक्त गुणको अन्वयबाट निःशृत अर्थालङ्कार हो (भरत, २०४०, २९०) । नाटचशास्त्र र त्यसको सैद्धान्तिक अभिलक्षणको निरूपणका क्रममा अलङ्कारको औचित्य तथा त्यसको प्रयोगका सन्दर्भमा प्रस्तुत यो अवधारणा रसवादी काव्यात्मभूत तत्त्वको सिद्धिलाई सार्थक र सम्यक् साहित्यशास्त्रको केन्द्रीय विषयका रूपमा स्थापित गर्ने सन्दर्भमा आएको अवधारणा हो । अनेकानेक द्रव्यादिको सम्बन्धबाट उपमाका गुणलाई आश्रय लिई जुन स्वरूपको सम्यक् वर्णन हुन्छ वा गरिन्छ त्यहाँ रूपकालङ्कार प्रतिपाद्य हुन्छ (भरत, २०४०, २९०) । रूपकालङ्कारको मूलभूत अभिलक्षण दुई तुलनीय विषय, व्यक्ति वा वस्तु तथा तिनको रूप, गुण, क्रिया आदि अभिलक्षणका आधारमा समानताको अभिव्यक्ति हो । उपमेयका तत्त्व, गुण, विशेषता र धर्म उपमानसँग सादृश्य भई अर्थप्राप्त हुनु रूपक हो (भामह, सन् २०१०, पृ. ११) । रूपकालङ्कार सिर्जना भई आलङ्कारिकता सिर्जना हुनका लागि काव्यिक अभिव्यक्तिमा उपमान, उपमेय तथा तिनीहरूबीचको अभेद सादृश्यसम्बन्ध अनिवार्य प्रस्तुत हुनुपर्दछ ।

संस्कृत काव्यचिन्तनको सुदीर्घ परम्परामा नाटचशास्त्र र काव्यालङ्कारमा प्रस्तुत भएका अभिमतको प्रभाव परवर्ती काव्यचिन्तन तथा लक्षणग्रन्थमा विस्तारित छ । रूपकालङ्कारका विषयमा काव्यालङ्कारपछिका लक्षणग्रन्थमा प्रस्तुत अवधारणालाई संश्लेषण गर्दा मूलतः यो उपमेयतावच्छेदक अर्थात् मुखत्व (उपमेय) रूपको उपस्थितिद्योतन गर्ने मुख शब्दमा जुन उपमानको तादात्म्य अभेद छ भन्ने तत्त्वको समानधर्मिता अथवा सादृश्यविधानको निश्चयबोध भई आलङ्कारिकता वा अर्थको चमत्कृति सिर्जना हुने आलङ्कारिक अभिलक्षण हो (अग्निपूराण, सन् २०१२, पृ. ८५६, रूद्रट, सन् १९६५, पृ. २६१, मम्मट, सन् १९८०, पृ. ४०७, विश्वनाथ, सन् १९८२, पृ. ७१५, दीक्षित, सन् २०१०, पृ. १५, जगन्नाथ, २०२०, पृ. ११, अजितसेन, सन् १९७३, पृ. १४३) । काव्यमा रूपकालङ्कार प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना हुनका लागि उपमेय, उपमान, साधारण धर्म (सादृश्य सम्बन्ध) तथा उपमान र उपमेय बीचको अभेदसम्बन्धको प्रस्तुति अनिवार्य विषयको उपस्थिति हुनैपर्ने अभिलक्षण प्रस्तुत भएको छ ।

अङ्ग्रेजी काव्यचिन्तनमा पनि अर्थालङ्कारका रूपमा रूपकालङ्कारका विषयमा विमर्श भएको छ अङ्ग्रेजी काव्यचिन्तनमा रूपकालङ्कारका लागि Allegory र Metaphor दुई भिन्न शब्दको प्रयोग भएको छ । अङ्ग्रेजी काव्यचिन्तनमा Allegory र Metaphor दुई भिन्न शब्दका माध्यमबाट परिभाषित गरिए पनि यी पारिभाषिक शब्दको प्रकारान्तरले समान अर्थ नै प्राप्त छ । अङ्ग्रेजी काव्यचिन्तनमा अभिव्यक्त रूपकालङ्कारसम्बन्धी अभिमतलाई संश्लेषण गर्दा –

रूपक Allegory वा Metaphor यो काव्यिक विचार, बिम्ब र विषयलाई प्रतिबिम्बन गर्ने सम्पूर्ण शब्दलाई परस्परमा सम्पृक्त गर्नका लागि अवलम्बन हुने विशिष्टीकृत शैली हो भने यसले काव्य (गद्य वा पद्य) मा प्रस्तुत भएका विचार, बिम्ब, व्यक्ति, वस्तु वा विषय प्रस्तुत र अप्रस्तुत (विषय र विषयी) परस्परमा भिन्न हुँदाहुँदै पनि ती परस्परमा अभेद तथा तिनका गुण एकआपसमा एकै हुन् भन्ने अर्थको अभिव्यञ्जनाका लागि तुलना, प्रतितुलना वा सामञ्जस्य सम्बन्धको स्थापना र औचित्य प्रस्तुत गर्दछ (कडन, सन् २०१३, पृ. ६५७, अब्राम्स, सन् २००७, पृ. ९७, चाइल्ड र फाउलर, सन् २०००, पृ. २१८, बल्डिक, सन् २००१, पृ. २३७, बोल्टन, सन् २०१३, पृ. १३०, कोम्ली, सन् १९९६, पृ. ५३९) ।

अङ्ग्रेजी भाषाका सामग्री तथा विधासिद्धान्तको परिचर्चाका क्रममा भएका विमर्शका आधारमा रूपकका अभिलक्षणहरू संस्कृत काव्यचिन्तनले प्रस्तुत गरेका मान्यतासँग निकट छन् । रूपकालङ्कारका लागि दुई प्राकृत र अप्राकृत वस्तु, व्यक्ति र विषयबीच तुलना, प्रतितुलना तथा तिनीहरूबीचको साधारण धर्म वा सादृश्य विधान समान छन् तथा ती परस्परमा भिन्न व्यक्ति, वस्तु वा विषय नभई एकै हुन् भन्ने अर्थको प्राप्ति नै यसको मूलभूत अभिलक्षण रहने निष्कर्ष प्रस्तुत भएको छ ।

रूपकालङ्कारका सम्बन्धमा संस्कृत र अङ्ग्रेजी काव्यचिन्तनकै सापेक्ष नेपाली काव्यचिन्तनमा पनि विमर्श भएको छ । रूपकालङ्कारका सन्दर्भमा नेपाली काव्यचिन्तनमा अभिव्यक्त भएका मतलाई संश्लेषण गर्दा रूपसाम्य वा कार्यसाम्यका आधारमा उपमेयलाई निषेध नगरी उपमेय र उपमानबीच अभेदमूलक आरोप गरिनु रूपकालङ्कार हो (सिग्द्याल, २०२८, पृ. ९७, भट्टराई, २०७७, पृ. २९८, उपाध्याय, २०६७, पृ. १२१, पन्त, २०७९, पृ. ६१, थापा, २०६६, पृ. २३९, न्यौपाने २०३८, पृ. ३६४, अधिकारी, २०५६, पृ. ५८, एटम, २०७४, पृ. १९९, अधिकारी, २०५६, पृ. ५८) । रूपकालङ्कार तात्त्विक रूपमा उपमान, उपमेय, सादृश्य धर्म तथा तिनीहरू बीचको अभेद सम्बन्धका अन्वयबाट सृजित आलङ्कारिकता हो । रूपकालङ्कारमा दुई परस्परमा भिन्न वस्तु, व्यक्ति वा विषयको उपस्थिति तथा तिनीहरू बीचमा परस्परमा समानता र अभेद सम्बन्ध अनिवार्य तत्त्व हुन् ।

संस्कृत काव्यचिन्तनमा रूपकालङ्कारका भेद-उपभेदका सम्बन्धमा समान अवधारणा छैन । अलङ्कार वादी सम्प्रदायमा रूपकालङ्कारका विषयमा भएका विमर्शमा यसका दुई भेददेखि अनेक भेदको विषयमा सैद्धान्तिक अवधारणासहित ती कृतिमा कसरी प्रस्तुत भएका छन् भन्ने विषयको प्रस्तुति छ । उपमान-उपमेय अभेद सम्बन्धलाई प्रस्तुत गर्ने रूपकालङ्कारका असमस्तरूपक, समस्तरूपक, पूर्वरूपक, व्यस्तरूपक, सकलरूपक, वयवरूपक, अवयविरूपक, योगादयरूपक, विषमरूपक, विशेषणरूपक, द्विरुद्धरूपक, हेतुरूपक, श्लिष्टरूपक, क्षेपरूपक, समाधानरूपक, रम्यरूपक, पह्नवरूपक आदि भेद छन् (दण्डी, सन् २०१०, पृ. २२-२५) । संस्कृत काव्यचिन्तनको समृद्ध परम्परामा अलङ्कारको व्यवस्थित अध्ययन र तर्कसम्म वर्गीकरणको आधार मानिने रुद्रटको काव्यालङ्कारमा रूपकालङ्कारका तीन भेदको चर्चा भएको छ । रूपकालङ्कारका तीन प्रमुख भेद सावयव, निरवयव र सङ्कीर्ण मुख्य तीन तथा यी प्रत्येकका अन्य उपभेद छन् (रुद्रट, सन् १९६५, पृ.२६१) । संस्कृत काव्यचिन्तनका परवर्ती संस्करणमा पनि यसको भेदका सम्बन्धमा विमर्श तथा निरूपणका विषयमा विमर्श भएको छ ।

रूपक भेदका विषयमा साहित्यदर्पणले पनि मुख्य तीन तथा तिनका अन्य उपभेदको परिचर्चा गरी आठभेदको निर्धारण गरेको छ । रूपकालङ्कारका तीन प्रमुख भेद परम्परित, साङ्ग र निरङ्ग मुख्य तीन भेद छन् (विश्वनाथ, सन् १९८३, पृ. ७१६) । कुवलयानन्द लक्षणग्रन्थमा रूपकका दुई भेद मात्र स्वीकृत छन् भने यसका अन्यान्य उपभेद रहने अवधारणा प्रस्तुत भएको छ । मूलतः रूपकालङ्कारका अभेद र ताद्रुप्य दुई मुख्य तथा तिनका अन्य उपभेद छन् (दीक्षित, सन् २०१०, पृ. १६) । रूपकभेदका सम्बन्धमा अलङ्कारचिन्तामणिले पनि तीनप्रकारको हुने तथा त्यसका अनेक उपभेदको सैद्धान्तिक र प्रायोगिक पक्षको विश्लेषण गरेको छ । रूपकालङ्कारका सावयव, निरवयव र परम्परित तीन भेद छन् (अजितसेन, सन् १९७३, पृ. १४३) । यसप्रकार संस्कृत काव्यचिन्तनमा रूपकालङ्कारका सम्बन्धमा भएका विमर्शले यसको भेद सङ्ख्या यति हो भनेर निश्चित गर्ननसके पनि यी लक्षणग्रन्थको अन्तर्वस्तु यसका तीन मुख्य भेद हुने तथ्यको

निकट छन् । मूलभूत रूपमा रूपकालङ्कारका परम्परित, सावयव र माला तीन भेद छन् (भट्टराई, २०७७, पृ. २९८-२९९, उपाध्याय, २०६७, पृ. १२१-१२२) । संस्कृत र नेपाली काव्यचिन्तनमा रूपकालङ्कारका विषयमा भएका अध्ययनबाट यसका अनेक भेद तथा ती भेदका उपभेदको चर्चा भए पनि यस लेखमा यसका परम्परित, सावयव, माला र हेतु चार भेदका कोणबाट 'ज्वरसमना प्रकृति कविताको आलङ्कारिक पक्षको विवेचना तलका उपशीर्षक र सन्दर्भमा भएको छ ।

## नतिजा र छलफल

प्रस्तुत ज्वरसमना प्रकृति कविता स्वच्छन्दतावादी भावाभिव्यक्ति भएको लोकलयमा संरचित कविता हो । प्रकृति नै जीवनजगत्का लागि साध्य हो भन्ने केन्द्रीय विषय प्रतिपाद्य यस कवितामा प्रकृतिमा नै जीवनको सृष्टि, स्थिति र नियमनका लागि अन्तनिर्भर रहने भावको प्रस्तुति छ । प्रकृतिलाई केन्द्रमा राखी सहजात भाषिक विन्यासको प्रयोग भई रचना भएको यस कवितामा अलङ्कारको उचित तथा सहजात प्रयोग भएको छ । यस कवितामा शब्दालङ्कार र अर्थालङ्कारको सन्तुलित, सम्यक र स्वतस्फूर्त प्रयोग भएको छ । मूलत आलङ्कारिकताका दृष्टिले यस कवितामा रूपक, उपमा, स्वभावोक्ति, अर्थान्तरन्यास, विशेषोक्ति, उत्प्रेक्षा र दीपकालङ्कारको प्रयोगबाट आलङ्कारिकता सिर्जना भएको छ । अलङ्कारका दृष्टिले यस कवितामा शब्दालङ्कारअन्तर्गत अनुप्रास तथा अर्थालङ्कारअन्तर्गत रूपकालङ्कार अङ्गी अलङ्कार हुन् । प्रकृति र चराचरजगत्मा मानवीय भूमिका र प्रकृतिको उदार र उदात्ततासँग मानवीय सम्बन्धलाई प्रस्तुत गर्ने सन्दर्भमा रूपकालङ्कार र यसका विविध उपभेदको सार्थक र सम्यक उपस्थिति भएको छ । यस कवितामा रूपकालङ्कारको प्रस्तुति तथा प्रयोजनले सिर्जना गरेको काव्यिक आलङ्कारिकताको विश्लेषण यसका उपभेद तथा तीसम्बन्धी सैद्धान्तिक अभिलक्षणका आधारमा क्रमशः तलका सन्दर्भमा भएको छ ।

### ज्वरसमना प्रकृति कवितामा परम्परित रूपक

आलङ्कारिकताका दृष्टिले रूपकालङ्कारप्रधान ज्वरसमना प्रकृति कवितामा परम्परित रूपकालङ्कारको सम्यक् र सार्थक प्रयोग भएको छ । संस्कृत काव्यचिन्तमा सैद्धान्तिक पक्ष तथा अवधारणासहित कृतिविश्लेषणको आधार प्रस्तुत भएको रूपक भेदअन्तर्गत परम्परित रूपकालङ्कारको विषयमा नेपाली काव्यचिन्तनमा पनि रूपक भेदअन्तर्गत परम्परित रूपक तथा यसको सैद्धान्तिक मत स्थापित छ । संस्कृत र नेपाली काव्यचिन्तनमा परम्परित रूपकालङ्कारमा सम्बन्धमा प्रस्तुत भएका अभिमतलाई एकै सन्दर्भमा संश्लेषण गर्नसकिन्छ । यस अलङ्कारका सम्बन्धमा संस्कृत र नेपाली काव्यचिन्तनमा अभिव्यक्त अवधारणालाई संश्लेषण गर्दा मूलतः यो  एक उपमान-उपमेय बीचको आरोप दोस्रो अभेद आरोपका कारण हुनु परम्परित रूपकको अभिलक्षण हो (विश्वनाथ, सन् १९८३, पृ. ७१६, उपाध्याय, २०६७, पृ. १२१, उपाध्याय, २०६७, पृ. १२१) । संस्कृत र नेपाली काव्यचिन्तनमा प्रस्तुत परम्परित रूपकसम्बन्धी अभिमतको अन्तर्वस्तु रूपक अलङ्कारका उपमान, उपमेय, साधारण (सादृश्य) धर्म तथा तिनीहरूबीचको अभेद सम्बन्धजस्ता विशेषता नै हुन् । काव्यिक अलङ्कार प्रयोगका दृष्टिले 'ज्वरसमना प्रकृति' कवितामा परम्परित रूपकालङ्कारले आलङ्कारिकता सिर्जना गरेको छ यो कविताका निम्नलिखित पङ्क्तिगुच्छमा सशक्त छ ।

ए ! साथी ! हाम्लाई सम्झिने कोही छ, बिरुवा ! चरा हो !
घामले दुःखी ए फूल राम्रा ! नबोल्ने कुरा हो !
हप्केका घाँस ! दुःख र सुख सम्झने ए प्राणी !
कसैको हेर ! करुण छायो !
पग्लन्छ, झर्छ, अमृत भई वर्षाले अश्मानी
दक्षिण चुली-किनारा पर कोही दिल छ दयालु !
उसैको सारा भावना छाए आकाशमा मायालु ! (देवकोटा, २०७६, पृ. १५६) ।

प्रस्तुत कवितांशमा परम्परित रूपकभेद प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितांशको उपमेय मानवलगायतको जीवजगत् हो । यस कवितांशमा उपमान प्रकृति तथा यसका विविध स्वरूप हुन् । यस कवितांशमा प्राकृत जगत्का कविताको प्रस्तुतकर्ताले सम्बोधन गरेको साथी, बिरुवा, चरा, फूल, घामले सुकेका अथवा वैलाएका घाँसलगायतका प्रकृतिका सिर्जना र तिनमा परेको प्रभाव र तिनलाई प्राकृतिक उग्रताबाट उन्मुक्ति दिने निर्विकल्प माध्यम वा विषय प्रकृति नै हो भन्ने कथ्यप्रस्तुत गर्ने सन्दर्भमा परम्परित रूपकालङ्कारको प्रयोग भएको छ । प्रकृति र प्रकृतिद्वारा सिर्जना गरिएका वस्तु प्रकारान्तरलेले एकै हुन् भन्ने विषयका माध्यमबाट काव्यिक रचनाले समूर्तन प्राप्त गरेको यस कवितांशमा पृथ्वी र चराचर जगत्को वस्तुता तथा प्राणीजगत् र प्रकृति भन्नु नै एकै हुन् भन्ने कथ्यको प्रस्तुति भएको छ । प्रकृति र प्रकृति निर्मित वस्तुबीच एकाकार अथवा यी दुई भिन्न विषय नभई एकै हुन् भन्ने अभेद सम्बन्धको अभिव्यक्ति भएको यस कवितांशका आलङ्कारिक दृष्टिले रूपकालङ्कार प्रतिपाद्य छ । उपमेय र उपमान भिन्न विषय नभई एकै हुन् भन्ने रूपकालङ्कारका विशेषता तथा त्यसका अन्तर्यमा प्रकृति र यसको सृष्टि भन्नु नै वास्तविकतामा प्रकृति नै हुन् भन्ने आर्थी चमत्कृतिका साथै यसले नै उष्णता र शीतलता दुबैलाई ग्रहण र सहन गर्नसक्ने क्षमता प्रदान गरेको अर्थ प्रस्तुत गरेको छ । यस कवितांशमा प्रकृति भन्नु नै सिङ्गो सृष्टिजगत् र प्राणीजगत् भन्नु नै प्रकृति रहेको दृष्टिकोण प्रस्तुत भएको छ । यस विशेषताका आधारमा यो कवितांश परम्परित रूपकालङ्कार प्रतिपाद्य भएको सन्दर्भ हो भने यस कविताका निम्नलिखितअनुसारका सन्दर्भमा पनि यसको उपस्थिति सघन छ ।

पृथ्वी तम्लाई गर्मी छ, पख, स्वर्ग नै रुनेछ

ए जीव हो ! तिम्लाई ताप छ, पख, मलमले छुनेछ

ए रोगी तिम्लाई जरो छ ,पख, ज्वर-शमन हुनेछ,

किनकि कोही लुकेर हेर्छ मायाले हुनेछ ! (देवकोटा, २०७६, पृ. १५६) ।

प्रस्तुत कवितांशमा परम्परित रूपकालङ्कार प्रतिपाद्य छ । यस कवितांशको उपमेयका रूपमा पाँच फरक विषयको प्रस्तुति छ भने यसको उपमान प्रकृति नै हो । यस कवितांशमा पृथ्वी, स्वर्ग, जीव, मन (आत्मा) तथा रोगी उपमेय हुन् । यस कवितांशमा प्रकृतिको सिर्जनाका रूपमा पृथ्वी, स्वर्ग, जीव, आत्मा, रोग, पथ्य आदि आस्तित्वमा रहने विषय रहेकाले प्रकृतिभन्दा बाहिर कुनै पनि विषयको उपस्थिति हुननसक्ने विषयको प्रस्तुति भएको छ । प्रकृतिले सिर्जना गर्ने वस्तु नै जीवनजगत्का वास्तविकता रहेकाले सृष्टि, स्थिति र अन्त्यका विषयमा जेजस्ता तर्क र भाष्य निर्माण भए पनि अन्तत यी सबै प्राकृतिक नियमभन्दा माथि किमार्थ शक्तिशाली छैनन् भन्ने दृष्टिकोण प्रस्तुत गर्ने यस कवितांशमा प्रकृति नै सर्वोच्च शक्ति रहेकाले यसले सिर्जना गरेका प्रत्येक वस्तुमा प्राकृतधर्मिता अवशिष्ट स्वतः छ भन्ने अर्थको अभिव्यञ्जना भएको छ । पृथ्वी, प्रकृति, स्वर्ग, जीव, आत्मा वा यिनले अनुभव गर्ने व्याधिको अनुभूति पनि प्रकृतिद्वारा नै निर्माण र निर्धारण भएकाले यी सबैस्प्रकारका विषय अन्तत प्रकृतिमै समाविष्ट छ भन्ने अर्थको प्रस्तुति भएको यस कवितांशमा प्रकृति र यसको सिर्जनामा कुनै पनि भिन्नता नभएको अर्थ प्रस्तुत भएको छ । यस कवितांशमा पृथ्वी, स्वर्ग, जीव, मन (आत्मा) तथा रोगी र रोग भन्नु नै प्रकृति हो तथा प्रकृति नै उपर्युक्त सन्दर्भ भएकाले सृष्टिसँगै तिनलाई स्थिति प्रदान गर्न प्रकृति नै सक्षम छ भन्ने अर्थको प्रस्तुति भएको छ । प्रकृति उपमान तथा प्रकृतिद्वारा सिर्जना गरिएका विभिन्न वस्तु र तिनका विशेषता उपमेय भिन्न नभई अभिन्न वा एकै हुन् भन्ने अभेद आरोप प्रस्तुत भएको यस कवितांशमा परम्परित रूपकालङ्कार प्रतिपाद्य छ । अर्थालङ्कारअन्तर्गत रूपकालङ्कार अङ्गी रहेको प्रस्तुत 'ज्वरसमना प्रकृति' कवितामा रुपकभेदअन्तर्गन परम्परित रूपकालङ्कारका साथै सावयव भेदको पनि सशक्त प्रस्तुति भई आलङ्काररिकताको सिर्जना भएको छ ।

**ज्वरसमना प्रकृति कवितामा सावयवरूपक**

रूपकालङ्कारको भेदका रूपमा सावयवरूपकको प्रयोगबाट 'ज्वरसमना प्रकृति' कवितामा आलङ्कारिकता सिर्जना भएको छ । रूपकालङ्कारका विभिन्न भेदअन्तर्गतको एक भेद सावयव रूपकमा आलङ्कारिकता सिर्जना गर्नका

लागि प्रयोग भएका उपमान र उपमेयका विभिन्न अवयवको सार्थक र सम्यक् प्रस्तुति भई तिनका बीचमा अभेद सम्बन्ध अपेक्षित रहन्छ । उपमान र उपमेयका अवयवहरूको परस्परमा अभेद विषय वर्णित भई सृजित आलङ्कारिकता सावयव रूपकका अभिलक्षण हुन् (रूद्रट, सन् १९६५, पृ. २६३) । संस्कृत काव्यचिन्तनमा प्रस्तुत यस अवधारणाअनुसार सावयव रूपक प्रतिपाद्य हुनका लागि कवितामा प्रस्तुत भएका उपमान र उपमेय तथा तिनका अवयवको अभिव्यञ्जना सार्थक रूपमा भएको हुनैपर्दछ । संस्कृत काव्यचिन्तनकै सापेक्ष नेपाली काव्यचिन्तनमा प्रस्तुत सावयव रूपकालङ्कारका अभिलक्षणलाई संश्लेषण गर्दा उपमेयवर्गका नाना अवयव अवयवीहरूमा उपमान-वर्गका नाना अवयव अवयवीहरूको आरोप भएमा सावयवरूपक हुन्छ (सिग्द्याल, २०२८, पृ. ९८, भट्टराई, २०७७, पृ. २९९, उपाध्याय, २०६७, पृ. १२२) । संस्कृत र नेपाली काव्यचिन्तनमा प्रस्तुत सावयवरूपक अलङ्कारका सम्बन्धमा प्रस्तुत भएका अवधारणाको केन्द्रीय विषय भन्नु नै उपमान र उपमेयका अङ्ग तथा तिनको सम्यक् प्रयोगबाट सृजित आलङ्कारिकता हो । प्रस्तुत 'ज्वरसमना प्रकृति' कविताका निम्नलिखितअनुसारका पङ्क्तिगुच्छमा सावयवरूपकालङ्कारको प्रस्तुति भई आलङ्कारिकता सिर्जना भएको छ ।

प्रकृतिदेवी काम गर्छिन् कहीँ नजरका घेरामा
बादल-फूल लगाउन झूल पृथ्वीका डेरामा
कलिला करले मुसार्छिन् मलाई हावाले निधारमा,
जुन वायु निला वनबाट धाउँछ झोपडी किनारमा,
कलिलो पर्श ! कलिली सँगी ! एकान्त गुल्जार छ !
संसारको जरो रन्केको अब शीतल निधार छ ! (देवकोटा, २०७६, पृ. १५५) ।

प्रस्तुत कवितांशमा सावयव रूपकालङ्कार प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितांशको उपमान प्रकृति हो भने उपमेय प्राणीजगत् हो । यस कवितांशमा उपमानका अनेक सार्थक र सम्यक् अवयवको उपस्थितिमा उपमेयका साही सन्दर्भसँग सम्बन्धित पक्षबीचको अभेद सम्बन्ध प्रस्तुत भएको छ । यस कवितांशमा प्रकृति उपमानका पृथ्वी, बादल, हावा आदि अवयव तथा उपमेयका रूपमा प्राणीजगत्का फूल, नीला वन, झोपडीका आनन्द, सुस्त वायुप्रवाहको कोम स्पर्श, बढ्दो तापमानसँगै चढेको ज्वरो, ज्वरो घटेर शीतलताको अनुभूति आदि अनेक अवयवको प्रस्तुति छ । उपमानका विविध सावयव स्वरूप तथा उपमेयका विविध सावयव स्वरूपका बीच पारस्परिक अर्थमा समानता अर्थात् यी दुई भिन्न विषय वा वस्तु नभई यी एकै हुन् भन्ने अर्थद्योतन गर्ने यस कवितांशमा मनसुनी बर्सातका कारण पृथ्वी शीतल बनी सबै प्राणीजगत्ले अनुभव गरेका चर्को प्राकृतिक कहरको अन्त्य भएको, बादलको आगमनले सबै वैलाएका प्राणी र वनस्पतिजगत्मा उल्लास आएको, मानवीय अनुभवमा अब सिर्जनशीलताको नयाँ समयचक्रको अनुभूति भएको अर्थ दिने सन्दर्भको अभिव्यजना भएको छ । प्रकृतिका अवयवका रूपमा यसका विविध स्वरूप उपमान तथा उपमेयका रूपमा जीवजगत्का विविध स्वरूपका बीच समान र अभेद अर्थ रहेको आर्थीचमत्कृति प्रस्तुत गर्ने यस कवितांशमा सावयव रूपकालङ्कारको अभिव्यक्ति सशक्त छ । उपमानका अवयव तथा उपमेयका अवयवका बीचमा अभेद सम्बन्धका आधारमा सावयव रूपकालङ्कारको पुष्टि गर्ने 'ज्वरसमना प्रकृति' कविताका निम्नलिखित सन्दर्भमा पनि यो विषय प्रतिपाद्य छ ।

उत्तरमा हेरेँ हिमालउपर बाफिलो हिमाल छ,
शिरबिन्दुतिर तान्नेको बादल लमतन्ने कमाल छ,
चुपचाप ती छन् तन्केका लामा सूर्यलाई भेट्टाउन,
सियाल हाल्ने कर्तव्य आफ्नो जगत्मा चुकाउन, (देवकोटा, २०७६, पृ. १५६) ।

प्रस्तुत कवितांशमा रूपकभेदअन्तर्गत सावयवरूपकालङ्कार प्रतिपाद्य छ। यस कवितांशमा उपमान प्रकृति र यसको विविधता तथा उपमेय जीवनजगत् नै हो। यस कवितांशमा उपमेयका प्रकृतिको फेरिएको स्वरूप तथा त्यसले जीवनजगत्मा ल्याएको परिवर्तन एवम् तिनका विभिन्न अवयव र उपमानका विविध स्वरूपका बीचको अभेद सम्बन्ध प्रस्तुत भएको छ। यस कवितांशमा उपमानको सावयव स्वरूप बर्षात्को सूचक बाफ, बाफिलो हिमाल, बादल, बादलको विस्तार र बर्षा आगमनको पूर्वसन्ध्यासँग सम्बन्धित प्रकृति हो। यस कवितांशमा वर्णित उपमेयको सावयव स्वरूप बाफिएको हिमालबाट निस्किएको सेतो बाफ अर्थात् कुहिरो यसको विस्तार, कुहिरोको सघनताबाट नै बर्षात् भई प्राणीजगत्को उद्धार भई जीवनजगत्मा सहज वातावरणको सिर्जना हुने सन्दर्भलाई सन्दर्भित गर्ने आकाश र क्षितिजमा विस्तार भएको अन्त्यहीन बादल तथा त्यसका विविध रूपको प्रस्तुति नै हो। यस कवितांशमा प्राकृतजगत्को एकांश मानिने बर्षात्को प्रक्रियाका विविध स्वरूप तथा तिनले प्राणीजगत्मा सिर्जना गर्ने आशा र उमङ्गसँग सम्बन्धित विविध स्वरूपको सावयव सम्बन्धको प्रस्तुति छ। उपमान र उपमेय दुबैका अवयवका बीचमा सादृश्य तर अभेद सम्बन्ध स्थापित भई आर्थी चमत्कृति सिर्जना भएको यस कवितांशमा सावयवरूपकालङ्कार प्रतिपाद्य छ। काव्यिक प्रस्तुतिका क्रममा भावगत सघनतालाई उत्कृष्ठ तुल्याउने सन्दर्भमा प्रयोग भएको यस अलङ्कारको उपस्थिति नियोजित नभई स्वतस्फूर्त छ। यस कवितालाई आलङ्कारिक तुल्याउनका लागि सावयवरूपकालङ्कारकै तुलनीय मालारूपकालङ्कारको पनि सशक्त भूमिका छ।

**ज्वरसमना प्रकृति कवितामा मालारूपक**

रूपकालङ्कारका अनेक भेदमध्ये मालारूपक एक हो भने 'ज्वरसमना प्रकृति' कवितामा यसको सम्यक् प्रयोग भएको छ।। मालारूपक रूपकालङ्कारका सार्विक विशेषताभित्र उपमान र उपमेयको सम्बन्ध अनेक दृष्टिले समान वा अभेद छन् भन्ने पक्षको पृष्ठपोषण गर्ने अलङ्कार हो। मूलतः मालारूपकालङ्कार एक उपमेयका अनेक उपमानबीचको अभेद सम्बन्ध प्रस्तुत भई तिनका बीचमा अभेद सम्बन्ध देखाउनु वा देखिई सृजित आलङ्कारिकता हो (रूद्रट, सन् १९६५, पृ. २६६, मम्मट, सन् १९८३, पृ. ४१०) । मालारूपका प्रतिपाद्य हुनका लागि एक उपमेयका अनेक उपमान तथा तिनका बीचको अभेद सम्बन्ध स्थापित भई उपमानको शृङ्खला निर्माण हुनु अपेक्षित रहन्छ। नेपाली काव्यचिन्तनमा मालारूपकका सम्बन्धमा प्रस्तुत भएका अवधारणालाई संश्लेषण गर्दा एकै उपमेयमा अनेक उपमानको अभेद्य आरोप भएका स्थानमा मालारूपकालङ्कार प्रतिपाद्य हुन्छ (सिग्द्याल, २०२८, पृ. ९८, भट्टराई, २०७७, पृ. २९९)। संस्कृत र र नेपाली काव्यचिन्तनमा मालारूपकका सम्बन्धमा प्रस्तुत भएका सैद्धान्तिक अभिलक्षणको अन्तर्वस्तु भन्नु नै यसमा एक उपमेयका अनेक उपमासँगको अभेद सम्बन्ध नै हो। मालारूपकालङ्कार प्रयोगबाट आलङ्कारिकता सिर्जना भएको ' ज्वरसमना प्रकृति' कविताका निम्नलिखित कवितांश व्याख्येय छन्।

दक्षिणी चुली नीलिए गाढा, उपल्ला घेरामा !
पाँच तह, बादल चाँदीका बुट्टा,
उक्लर सुस्त मौन र मस्त,
उज्यालो हिरा भुवामा हाँसे, हिमालका दौरामा !
खाँदेला चुली बाफ भई उक्ली,
चुलीमा चुली बाफ फुली, निक्ली,
जीवन बढ्दछन् नदेख्ने गरी, आकासे गौडामा !
सियाली छाया घामले छिरबिरङदोरङी डाँडामा ! (देवकोटा, २०७६, पृ. १५५)।

प्रस्तुत कवितांशमा रूपकभेदअन्तर्गत मालारूपकालङ्कार प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना भएको छ। यस कवितांशको उपमान प्राकृतजगत्लाई प्रतिबिम्बन गर्ने विविधता तथा तिनका विशेषता नै हुन्। कवितांशमा उपमेय हिमाल, पहाड र आकाश हुन्। यस कवितांशमा उपमान प्रकृतिका विविधतासूचक प्राणीजगत् र यसको उपमानको शृङ्खलालाई सूचित गर्ने सूचकका रूपमा सफेद दौरा, हिरा र कोमल भुवा, खँलिदो र वजनदार बादलको उपस्थिति, तापमानका कारण बादलको विस्तार तथा सबै क्षेत्रमा समान उपस्थिति, आकाशमा बादलको उपस्थिति नै पृथ्वीमा जीवनकै तुलनीय नयाँ जीवनको आभास दिने एवम् सघन जलविन्दु बोकेको बादलमा सूर्यको किरण पर्दा देखिने सुन्दर इन्द्रेणीको दृश्यले जीवनमा सञ्चार गरेको नवीन उर्जाद्योतक अर्थ प्रस्तुत गर्ने सन्दर्भमा मालारूपक प्रतिपाद्य हुनपुगेको छ। प्रकृतिको प्रतिबिम्बन गर्ने यसका विविधस्वरूप तथा जीवनजगत्लाई प्रस्तुत गर्ने विविध सन्दर्भबीचको अभेद सम्बन्धको अभिव्यञ्जना गर्ने शब्दका माध्यमबाट आलङ्कारिकता सिर्जना भएको यस कवितांशमा मालारूपकालङ्कार प्रतिपाद्य छ। यस कवितांशमा उपमेय-उपमान अभेद सम्बन्धलाई अभिव्यक्त गर्ने अनेक सादृश्यवाची शब्द र सन्दर्भको प्रयोग भएको छ। मालारूपकालङ्कारको प्रयोगबाट आलङ्कारिकता सिर्जना भएको यस कवितांशका अतिरिक्त निम्नलिखित सन्दर्भमा पनि यसको सार्थक र सम्यक् प्रस्तुति भएको छ।

सुन्दरी कोही, सधैंकी बहार, अमित सुषमा,
फूलका पाउमा चल्दछिन् मानो,
रेशमी पोशाक सल्सलाई स्यानो,
सीमलको मेरो तकिया सम्याई, मुसार्न शिरमा;
हरियो मानो कार्चोबी बिछ्याई, प्यारले ज्वरमा,
बिरुवा जस्तै मलाई पनि सन्चोले लठ पारी,
पर्शेर आँग, गीत गाउछिन् गुन्गुन, पछ्यौरा लतारी, (देवकोटा, २०७६, पृ. १५५-१५६)।

प्रस्तुत कवितांशमा पनि पूर्ववत् सन्दर्भकै तुलनीय मालारूपकको उपस्थिति भई आलङ्कारिकता सिर्जना भएको छ। प्रस्तुत कवितांशको उपमान प्रकृति तथा त्यसमा पनि बर्षाको आगमन नै हो। यस कवितांशको उपमेय प्राणीजगत्को प्रतिनिधि अर्थात् मानिस र त्यसमा पनि ज्वरार्त प्रकृतिको पीडाबाट मुक्ति पाई उदार प्रकृतिको स्नेह पाई आनन्दित र हर्षविभोर भएको कविताको प्रस्तुतकर्ता हो। प्रस्तुत कवितांशमा उपमेयले अनुभूति गरेका प्रकृति अर्थात् वर्षात्का विभिन्न विशेषता र अभिलक्षणको प्रस्तुतिका क्रममा एक नभई अनेक विशेषता अभिव्यक्त भएका छन्। यस कवितांशको प्रस्तुतकर्ताको अनुभूति प्रतिबिम्बन गर्ने अनेक सन्दर्भ तथा तिनमा अवशिष्ट प्राकृत गुण वास्तविकतामा प्रकृतिद्वारा नै निर्माण र निर्धारण भएका विषय हुन्। प्रकृतिका विषयमा मानवीय अनुभूति जे छ त्यही नै प्रकृतिको वास्तविक स्वरूप रहेको अर्थ प्रस्तुत भएको यस कवितांशमा मानव-प्रकृतिबीचको अभेद सम्बन्धको चित्रण भएको छ। मानव-प्रकृति सम्बन्ध तथा तिनका विशेषता समान हुनुको तात्यर्प प्रस्तुत भएको यस कवितांशमा उपमान र उपमेयबीचको समानता प्रस्तुत गर्ने क्रममा प्रयोग भएका कथन तथा तिनका अभिलक्षणसमेतमा समानताबाट सृजित आलङ्कारिकताले मालारूपकालङ्कारका मान्यतालाई पुष्टि गर्दछन्। सहजात काव्यिक प्रस्तुतीकरणका सन्दर्भमा आलङ्कारिकता सिर्जना भएको यस कवितांशको प्रतिपाद्य आलङ्कारिकता नै मालारूपक हो। अलङ्कार प्रयोगका दृष्टिले मालारूपकको यथोचित् विन्यास भएको यस कवितामा रूपकभेदअन्तर्गत हेतुरूपकालङ्कारको प्रयोग भई आलङ्कारिकता सिर्जना भएको छ।

**ज्वरसमना प्रकृति कवितामा हेतुरूपक**

प्रस्तुत 'ज्वरसमना प्रकृति' कवितामा रूपकभेदअन्तर्गत मालारूपकको पनि प्रयोग भई आलङ्कारिकता सिर्जना भएको छ। रूपकालङ्कारका विविध भेद मध्ये हेतुरूपकालङ्कारमा अन्यभेदका तुलनामा अलि भिन्न अभिलक्षण प्राप्त

छन् । हेतुरूपकमा अन्य भेदमा अभिव्यक्त उपमान, उपमेय, साधारण धर्म र अभेदवाचक शब्दको अनिवार्यता रहेर पनि पूर्वापर भेदका वस्तु, व्यक्ति वा विषयसँगै यसमा तिनीहरूबीच साध्य र साधान सम्बन्धको निरूपण हुन्छ भने कवितामा हेतसरूपकालङ्कार प्रतिपाद्य हुनका लागि साध्य-साधन अभेद सम्बन्धको अभिव्यक्ति हुनैपर्दछ । हेतुरूपकालङ्कारका सम्बन्धमा नेपाली र संस्कृत काव्यचिन्तनमा प्रस्तुत भएका अभिमतलाई एकैस्थानमा संश्लेषण गर्दा निश्चित विषयको प्राप्तिको माध्यम साधना (उपमेय) मा साधनाबाट प्राप्त उपलब्धि वा कार्य (साध्य) को अभेद आरोप अर्थात् साधान र साध्य एकै हुन् भन्ने विषयको अभिव्यञ्जना भएको आलङ्कारिकताका स्थानमा हेतुरूपकालङ्कार हुन्छ (सिग्द्याल, २०२८, पृ. ९८, दण्डी, सन् २०१०, पृ. २४) । हेतुरूपकालङ्कारमा अन्य भेदका तुलनामा साधन-साध्य सम्बन्ध तथा तिनको अभेल स्वरूपको व्याख्याका क्रममा देखिने अभेद विशेषताको खोजी र विश्लेषण हुन्छ । प्रस्तुत 'ज्वरसमना प्रकृति' कवितामा हेतुरूपकले आलङ्कारिकता सिर्जना गरेको छ । हेतुरूसकालङ्कार प्राप्तिका दृष्टिले यस कविताका निम्नलिखित अंश व्याख्येय छन् ।

सहस्रकोटी सागरका मोती गीत गाए झरर !

बिफलताका हजार ज्वाला मारेर सरर !

बादलभुवाले मलम लाए छातीमा चरर !

निभनरको जरो शीतल भो, आत्मा आँखामा बरर !

गरीब मानिस सम्झेर रुन्छु हर्षले दुखी भै,

यो धन बाँडन मन लाग्छ मलाई समाजमा हरर ! (देवकोटा, २०७६, पृ. १५८) ।

प्रस्तुत कवितांशमा साधन-साध्य अभेद सम्बन्धको प्रतीति भई हेतुरूपकालङ्कार प्रतिपाद्य छ । यस कवितांशमा उपमानको प्रस्तुत कवितांशमा उपमानका रूपमा प्रकृति तथा यसको उदार र उदात्त स्वरूप हो भने यसको उपमेय मानवजगत् तथा त्यसमा पनि ज्वरार्त प्रकृतिको उदारताबाट बर्षात् भई सुखानुभूति अनुभव गर्ने मान्छे हो । यस कवितांशमा साध्य प्रकृति नै हो भने यसमा साधन प्राणीजगत् र त्यसमा पनि मान्छेको अवस्था हो । यस कवितांशमा प्रकृतिको उदार र उदात्तताले नै मान्छेलगायत प्राणीजगत्लाई सुखी र समृद्ध तुल्याउनका लागि विभेदरहित समान जलधारा बर्साई सबैमा समान अनन्दको अनुभूति सञ्चरण गर्ने भएकाले आम प्राणीजगत्मा समान रूपले आफ्ना सबै तत्त्व वितरण गर्ने तथा चराचरजगत्का सबै समस्यालाई निराकरण गर्नसक्ने सामथ्य प्रकृतिमा मात्रै सन्निहित छ भन्ने विषयको पुष्टिसँग सम्बन्धित सन्दर्भको प्रस्तुति छ । यस कवितांशमा उपमेय अर्थात् प्राणीजगत्मा रहेको ज्वरार्त र अनन्य गर्मीको प्रकोपको निराकरणका लागि पृथ्वीमा बर्षाको आवश्यकता रहेको विषयलाई आर्थी चमत्कृतिसहित अभिव्यक्त गर्ने क्रममा प्रकृतिको नियमित चक्र (बर्षा) को आगमनलाई असङ्ख्य जलकाविन्दुले मोतीको रूपधारण गर्नु, शीतलता प्राप्त गर्ने प्राणीका अनेकौं निरर्थक प्रयास एकैपटकमा सार्थक तुल्याउने प्रकृतिको उदारता, गर्मीको अजस्र पीडाबाट मोक्ष पाई आम प्राणीजगत् र यिनले अनुभूति गरेको स्वर्गीय सुखको अनुभूति, चराचर जगत्मा छाएको सुख र हर्षको असीमित आनन्द एवम् प्रकृतिमा मात्रै त्यस्तो सामथ्य छ जसले सबैलाई समान न्याय दिनसक्छ भन्ने सन्दर्भका माध्यमबाट यो सृष्टि अर्थात् जीवनचक्रको निर्माण गर्ने प्रकृतिको विकल्प केही हुननसक्ने एवम् मान्छेलगायतको प्राणीजगत् त प्रकृतिमै निर्भर रहने वस्तुमात्र रहेको अर्थ प्रस्तुत भएको छ । यसप्रकार जीवनको साध्य प्रकृति तथा साधानका रूपमा जीवनजगत् बीचको सम्बन्ध साध्यसाधन रहेको तथा यी परस्परमा अभेद छन् भन्ने पक्षको पृष्ठपोषण गर्ने अर्थको प्रयोग भएको यस कवितांशमा हेतुरूपकालङ्कारको प्रयोग भएको छ । काव्यिक रचनाका क्रममा सहजात तथा स्वतस्फूर्त रूपमा प्रयोग भएको हेतुरूपकालङ्कारले यस कवितालाई आलङ्कारिक तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## निष्कर्ष

नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराका माध्यमबाट साहित्यको उत्तरोत्तर विकासमा लक्ष्मीप्रसाल देवकोटाको योगदान विशिष्ट छ । साहित्यका सबै विधामा कलम चलाउने देवकोटाको लेखनसिद्धि कविता र निबन्ध नै हो । देवकोटाद्वारा लिखित तथा पाठचक्रम प्रयोजनका लागि तयार भएका विभिन्न पुस्तकाकार कृतिका अतिरिक्त लक्ष्मी कवितासङ्ग्रहमा सङ्गृहीत भई प्रकाशित 'ज्वससमना प्रकृति' कविता प्रकृतिकेन्द्री मानवतावादी दर्शन प्रतिपाद्य भएको सशक्त कविता हो । नेपाली लोकभाकाको लयात्मकतामा संरचित यस कवितामा प्रकृति नै सम्पूर्ण समस्याको समाधान गर्न सक्षम रहने भावाभिव्यञ्जना भएको छ । सहज, स्वतस्फूर्त तथा स्वाभाविक आलङ्कारिकता अवलम्बन भई संरचित यस कवितामा अर्थालङ्कारकारूपक, उपमा, स्वभावोक्ति, अर्थान्तरन्यास, विशेषोक्ति, उत्पेक्षा र दीपकालङ्कारको प्रयोग भएको छ । अलङ्कार र यसले सिर्जना गर्ने कलासौन्दर्यका दृष्टिले यस कवितामा रूपकालङ्कार अङ्गी तथा अन्य अलङ्कार यसलाई परिपाक तुल्याउन सहयोगी बनेका छन् । संस्कृत काव्यचिन्तनले उपमान र उपमेयबीच अभेद सम्बन्ध तथा सादृश्यवाचक विशेषता भएको अर्थालङ्कारका रूपमा रूपकालङ्कारको अभिलक्षण प्रस्तुत गरेको छ । अङ्ग्रेजी काव्यचिन्तनमा पनि संस्कृत काव्यचिन्तनकै सापेक्ष विशेषता प्रस्तुत भएको यस अलङ्कारका सम्बन्धमा पनि सोही दृष्टिकोण ले निरन्तरता प्राप्त गरेको छ ।

रूपकालङ्कार र यसका भेद-उपभेदको विषयमा संस्कृत र नेपाली काव्यचिन्तनमा ठोस अवधारणा प्रस्तुत भए पनि अङ्ग्रेजी काव्यचिन्तनमा यसको वर्गीकरण तथा तिनको अभिलक्षण प्रस्तुत भएको छैन । संस्कृत र नेपाली काप्यचिन्तनमा यसका अनेक भेदको चर्चा भए पनि यसका मूलभूत भेद परम्परित, सावयव, माला र हेतुरूपकालङ्कारको सैद्धान्तिक अभिलक्षण प्राप्त छ । प्रस्तुत 'ज्वरसमना प्रकृति' कवितामा पनि रूपकालङ्कारका उपर्युक्त चार भेद प्रतिपाद्य छन् भने यिनको उपस्थिति यस कृतिमा रूपकालङ्कारलाई अङ्गी अलङ्कार तुल्याउन महत्त्वपूर्ण छ । यस कवितामा सहजात र स्वतस्फूर्त रूपमा प्रयोग भएको परम्परित रूपकालङ्कारले सम्पूर्ण चराचरजगत्को सिर्जना गर्ने प्रकृति र प्राणीजगत् प्रकारान्तरले एकै हुन् यिनमा कुनै भिन्नता छैन भन्ने अभेद आरोपसहितको आर्थीचमत्कृति प्रस्तुत गरेको छ । यस कवितामा प्रकृतिको स्वरूप एक नभई अनेक छ । यसको रचना एउटा निश्चित विशेषता मात्र नभई यो अनेकौं अवयवबाट निर्मित छ । प्रकृतिमा प्राप्त हुने अनेक अवयव तथा जीवनजगत्का विविधतामा समानता वा तिनमा कुनै पार्थक्य नरहेको आर्थी सन्दर्भको प्रस्तुति यस कवितामा प्रस्तुत सावयवरूपकालङ्कारले सिर्जना गर्ने आलङ्कारिकता हो ।

प्रस्तुत 'ज्वरसमना प्रकृति' कवितामा रूपकभेदअन्तर्गत प्रयोग भएको मालारूपकालङ्कारमा प्रकृतिका विविध स्वरूपसँग जीवनजगत्का अनेक सन्दर्भको शृङ्खलाबद्ध अभेद सम्बन्धको प्रस्तुति भएको छ । यस कवितामा प्रस्तुत मालारूपकालङ्कारले समग्र जीवनजगत् भन्नु नै वास्तविकतामा प्रकृतिको सिर्जना रहेकाले प्राणी वा वनस्पतिजगत् भन्नु नै प्रकृतिको विराटताका अंश रहेकाले प्रकृतिप्रदत्त यी वस्तुको नियन्त्रया, नियमन तथा यिनको आर्तनादलाई शीतलता प्रदान गर्ने निर्विकल्प माध्यम नै आफैंमा प्रकृति नै हो भन्ने काव्यिक कलासौन्दर्यको सिर्जना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस कवितामा साध्य-साधनबीचको अभेद सम्बन्धको अभिव्यञ्जना भई आर्थी चमत्कृति सिर्जना गर्ने हेतुरूपकालङ्कारको प्रयोग पनि सशक्त छ । जीवन र जगत्मा सृष्टि, स्थिति तथा यसको नियमनका लागि प्रकृति नै निर्विकल्प विषय हो । प्रकृति नै सबै जगत्को व्यवस्थापन गर्न सक्षम विषय रहेकाले जीवनजगत्का सबै समस्याको समाधान प्रकृतिमै अन्तर्निर्भर रहेको कथ्यसन्देश प्रस्तुत गर्ने यस कविताका सन्दर्भमा प्रकृति सामु सबै शक्ति तथा

यसमाथि नियन्त्रण गर्ने मानवीय प्रयास निरर्थक रहने दृष्टिकोण प्रस्तुत भएको छ । कुनै पनि जीवनका लागि साधनका तुलनामा साध्यको औचित्य नै शक्तिशाली हुने सत्यलाई आत्मसात् गर्न मान्छेलगायत चराचर जगत् तयार बन्नुपर्ने अर्थको अभिव्यञ्जना भएको यस कवितामा हेतुरूपकालङ्कारको प्रयोग सार्थक रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

**सन्दर्भसूची**


अग्निपूराण (सन् २०१२). *Maharishi University of Management veidic literature collection*. E-book, Kindle amazon. Model No. D01200 10 9600A 1013 FCC. FCC ID ZEE 1013 [D01200 IC 9600A 1013]

अजितसेन (सन् १९७३). *अलङ्कारचिन्तामणि,* (व्या.) नेमिचन्द्र शास्त्री, भारतीय ज्ञानपीठ प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६७). *पूर्वीय साहित्य-सिद्धान्त* (पाँचौं संस्क.), साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य-सिद्धान्त* (दोस्रो संस्क.), साझा प्रकाशन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त नेपाली साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गड्तौला, नारायणप्रसाद (२०७७). *पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति,* नेपाल प्रज्ञार-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श,* पाठ्यसामग्री प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७८). *समकालीन छन्दकवितामा युगीन यथार्थ,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र नेत्र एटम (सम्पा.). *प्रज्ञा आधुनिक नेपाली कविता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,* सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६). *नेपाली कविता भाग ४,* साझा प्रकाशन ।

थापा मोहनिहमांशु (२०६६). *साहित्य परिचय* (पाँचौं संस्क.), साझा प्रकाशन ।

दण्डी (सन् २०१०). *काव्यदर्श,* राष्ट्रिय संस्कृत संस्थान राजस्थान ।

दीक्षित, अप्यय (२०००). *हिन्दी कुवलयानन्द* (पाचौं संस्क.), (व्या.) भोलाशङ्कर व्यास, चौखम्बा विद्याभवन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७४). *मुनामदन* (अट्ठाईसौं संस्क.), साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०३८). *साहित्यको रूपरेखा,* साझा प्रकाशन ।

पन्त, भरतराज (२०७९). *'अलङ्कार'.* (सम्पा.) ईश्वर बराल र अन्य. नेपाली साहित्यकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०३६). *देवकोटा,* साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्यसिद्धान्त* (दोस्रो संस्क.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भरत (२०४०). *नाट्यशास्त्र भाग १* (सम्पा.) बाबुलाल शुक्ल, चौखम्बा प्रकाशन ।

भामह, (सन् २०१०). *काव्यालङ्कार,* राष्ट्रिय संस्कृत संस्थान राजस्थान ।

मम्मट (सन् १९९८). *काव्यप्रकाश,* मोतीलाल बनारसीदास पब्लिसर्स ।

रूद्रट, (सन् १९६५). *काव्यालङ्कार* (व्या.), सत्यदेव चौधरी, वासुदेव प्रकाशन ।

विश्वनाथ (सन् १९८२). *साहित्यदर्पण* (छैटौं संस्क.), चौखम्बा विद्याभवन ।

शर्मा, रमणकुमार (सन् १९९६). *साहित्यदर्पणकोश,* विद्यानिधि प्रकाशन ।

Abrams, M.H. (1999). *A glossary of literary term* (7th ed.). Heinel and Heinel.

Baldick, C. (2001). *The concise Oxford dictionary of literary terms* (2nd ed.). Oxford University Press.

Child, P., & Flower, R. (2006). *The Routledge dictionary of literary terms* (3th ed.). Routledge. https://doi.org/10.4324/9780203462911

Cuddan, J.A. (2013). *Dictionary of literary terms & literary theory* (5th ed.). Wiley-Blackwell.